GLOBAL COLLEGE OF MANAGEMENT

प्रथम त्रैमासिक परीक्षा-२०७१

कक्षा: ११ | विषय: अनिवार्य नेपाली | पूर्णाङ्क: १००

समय: ३:०० घन्टा | उत्तीर्णाङ्क: ४०

समूह : क

१. तल दिइएका व्यञ्जन वर्णहरूको उच्चारण स्थान र प्रयत्न छुट्याउनु होस्: ५

ख ज फ ह र

२. तल दिइएका शब्दको अक्षरीकरण गरी अक्षर संख्या समेत देखाउनु होस् : ५

दक्ष वीरगञ्ज विशेषण विद्या आज्ञाकारी

३. शुद्ध गरी पुनर्लेखन गर्नु होस् : ५

हाम्रो मीत्रता शमाजलाइ रुचेन । मानिसहरूले प्रषस्तै कूरा काट्न थाले अरुले कुरा काटे भन्दैमा परस्पर को मित्रता तोड्नु रूढीबादि बिचारको अघिल्तिर घुँडा टेक्नु हुन जान्थ्यो ।

४. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गरी लेख्नु होस् : ५

आम्मै नि , तिमीले के गरेको यस्तो ? नगर्ने काम नगरेकै भए जाती हुन्थ्यो ! अरुसँग एकपटक सोधेको भए त भैहाल्थ्यो तर त्यसो गरेनछौ !

५. तलको अनुच्छेदबाट पाँच ओटा तत्सम र पाँच ओटा आगन्तुक शब्द टिप्नु होस्: ५

मान्छे सज्जन बन्न उसभित्र ज्ञान, विवेक र सहनशीलता चाहिन्छ । किम, पाउडर दल्दैमा र झकिझकाउ लुगा लगाउँदैमा सभ्य भइँदैन । महङ्गो मोबाइल बोकेर चौबिसै घन्टा इन्टरनेटमा झुन्डिदैमा र ल्यापटपमा रमाउँदैमा आधुनिक भँदैन । सारा संसारको ज्ञानराशि आफूभित्र हुल्न सक्नुपर्छ ।

६. तलको अनुच्छेदबाट पाँच ओटा उपसर्ग व्युत्पन्न र पाँच ओटा प्रत्यय व्युत्पन्न शब्द टिपी तिनको निर्माण प्रक्रिया समेत देखाउनु होस् : ५

अयोग्य नेताहरूले भरिएको यो देशमा खोइ के परिवर्तन होला र ! श्रमिक वर्ग जति सबै विदेशमा छ । देशमा रोजगारी अभिवृद्धि गर्ने कुनै योजना देखिँदैन । । यस्तो कार्यबाट कसरी राष्ट्रिय अर्थतन्त्रको विकास हुन सक्ला ! प्रचूर सम्भावनाको खानी देशमा छ तर हाम्रो दृष्टि नै कमजोर भएपछि के लाग्छ र !

७. तलको अनुच्छेदका वाक्यहरूलाई आवश्यक सुधार सहित सामान्य भविष्यत् कालमा परिवर्तन गर्नु होस् : ५

साविया राम्रो नाच्छिन् । उनको पढाइ पनि धेरै राम्रो छ । उनी प्रस्तुतीकरणमा पनि सिपालु छिन् । उनी सधैँ ठीक समयमा कलेज आउँछिन् । उनी मुसुक्क हाँस्दै घर फर्कन्छिन् ।

८. तलका अनुच्छेदमा भएका एकवचनका वाक्यहरूलाई वहुवचनमा परिवर्तन गर्नु होस्: ५

अमन विदेश गयो । त्यहाँ उसले पाँच वर्ष पढ्ने छ । त्यसपछि ऊ नेपाल फर्कने छ । उसको साथीले उसलाई स्वागत गर्ने छ । ऊ त्यो बेला दङ्ग पर्ने छ । ऊ फेरि विदेश जाने छैन ।

९. तल दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर लेख्नु होस्: १०

नेपालको भूधरातल तराई, पहाड र हिमालको विविधताले बनेको छ । तराईको भूभाग समतल छ र यो क्रमशः उत्तरतर्फ पहाड हुँदै उच्च हिमालसम्म पुग्दछ । तराईको समतल भूक्षेत्रको उचाइ समुद्रदेखि ६० मि. छ भने उत्तरको सगरमाथा हिमालसम्म पुग्दा यस धरातलको उचाई ८,८४८ मि. सम्म पुग्दछ । सगरमाथा हिमालको यो उचाइलाई संसारको सबैभन्दा अग्लो उचाइ भएको क्षेत्र मानिन्छ । तराईदेखि हिमालसम्मको भूविविधता आजभन्दा १२ करोड वर्ष अगाडि भौगर्भिक उथलपुथल हुँदा सिर्जना भएको हो । उत्तरतर्फको युरेसियन प्लेट र दक्षिणमा रहेको भारतीय उपमहाद्वीपको प्लेट एक आपसमा ठक्कर खाँदा हिमाल बन्न गएको कुरा भूगर्भविद्हरू बताउँछन् । यिनै भूधरातलीय विविधतामा नेपालको जलवायु विविधता, जैविक विविधता, सांस्कृतिक विविधता एवम् ताल तथा सिमसारको विविधताको संरचना भइ आएको छ । नेपालका विभिन्न भूभागमा विद्यमान तालतलैया, दह, कुण्ड, पोखरी एवम् सिमसार हाम्रा प्राकृतिक, आध्यात्मिक तथा सांस्कृतिक विकासका धरोहर हुन् । यस्ता स्रोतहरू पनि विकासका लागि आधार बन्दै आएका छन् । उदाहरणका लागि कास्की जिल्लाका फेवा तथा बेगनास तालहरूलाई लिन सकिन्छ जसले पोखराको मनोरमतालाई प्रसिद्धिको शिखरमा पुऱ्याइ दिएका छन् भने यी तालहरू नै आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि आकर्षण गर्ने माध्यम पनि भएका छन् । यसले गर्दा एकातिर स्थानीय बासिन्दाहरूको जीविकोपार्जनमा सहयोग पुगेको छ भने अर्कातर्फ पर्यटन प्रवद्धनमा सहयोग पुग्न गई देशको राष्ट्रिय आयमा पनि योगदान पुगेको छ ।

प्रश्नहरू:

क) हिमालको उत्पत्ति कसरी भएको हो ?

ख) नेपालको भूधरातलीय बनोटमा उचाइका दृष्टिले कस्तो भिन्नता पाइन्छ ?

ग) विकासका धरोहरहरू के के हुन् ?

घ) तालतलैया, कुण्ड र सिमसारले कस्तो सहयोग पुऱ्याएका छन् ?

ङ) 'समतल' र 'भूगर्भविद्' शब्दको अर्थ लेख्नुहोस् ।

१०. तलको अनुच्छेद पढी मुख्य मुख्य पाँच ओटा बुँदा टिपोट गर्नु होस् : ५

एक दिन कान्छा राजकुमार सिकार खेल्दै जाँदा जङ्गलमा एउटा सेतो मृगलाई पछ्याउँदै निकै टाढा पुगे । उनी अचानक राक्षसहरू बस्ने गरेको ओडारमा पुगे । त्यस ओडारमा सात जना राक्षसनीहरू बसोवास गर्थे । ती सात राक्षसनीहरूमध्ये कान्छी चाहिं श्राप पाएर केही समयका निम्ति स्वर्गबाट पृथ्वीमा आएकी मालती नामकी अप्सरा थिइन् । उनीसित राजकुमार मधुकरको प्रेम भयो । राक्षसनीहरूले सेतो मृगका माध्यमबाट सिकारीहरूलाई झुक्क्याई त्यस ओडारमा ल्याउने र एक महिना पुगेपछि खाने गरेको कुरा मालतीबाट मधुकरले थाहा पाए । अब यस्तो अप्ठ्यारो अवस्थाबाट फुत्कने उपाय मधुकर र मालती दुबैले खोज्न थाले । सय मन फलामको चिउरा खाएर, सय मन दुध पिएर, तलाउको बिचमा रहेको फटिकको खम्बा एकैपटकमा तोडेर त्यहाँबाट निस्केको वायुपङ्खी घोडामा चढेर त्यो क्षेत्र पार गर्न सके राक्षसको राज्यबाट मुक्त हुने उपाय पत्ता लाग्यो । यसै अनुसार प्राप्त भएको वायुपङ्खी घोडामा मालतीलाई चढाएर मधुकरले समुद्रको आधाआधीसम्म मात्र के पुऱ्याएका थिए, ठिक त्यही वेला राक्षसनीहरू आफ्नो मायावी शक्तिको प्रयोग गरेर उड्दै आई वायुपङ्खी घोडाको पुच्छरमा झुन्डिए । राजकुमार मधुकरले आफ्नो सुदर्शन चक्रद्वारा घोडाको पुच्छर काटी छ जना राक्षसनीहरूलाई समुद्रमा खसालिदिए ।

११. माथि प्रश्न नं.१० मा दिइएको अनुच्छेदलाई एक तृतीयांशमा संक्षेपीकरण गर्नु होस्: ५

१२. 'महिला शिक्षाको आवश्यकता' शीर्षकमा एक अनुच्छेद तयार पार्नुहोस् : ५

१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा ३०० शब्दमा नघटाई निबन्ध लेख्नु होस् : १०

(क) म र मेरो देश

(ख) प्राकृतिक विपत्ति र रोकथामका उपाय

(ग) सामाजिक उत्थानमा महिला वर्गको भूमिका

१४. तल दिइएको निबन्धको को अंश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् : ५×२=१०

हाइ स्कुलका यी छात्राहरू अहिले कलेजमा पुगेकाले मेरो मनमा यिनीहरूप्रति स्यावासी जनाउने विचार छ र दुई अढाई वर्षअगि नै देशका विभिन्न भागमा आइमाईहरूको शैक्षिक अवस्था जान्न खोने यी छात्राहरू अचेल के कस्तो विचार गर्दा हुन् ? उनीहरूसंग कुरा गरेर बुझ्न मलाई मन लाग्छ तर लोग्ने मानिस र आइमाईका बिचमा रहेको कालो पर्खालले हामीलाई परस्परमा बोलचाल गर्न र पुरानो सम्झना दोहोऱ्याउन ठुलो बाधा ठड्याइ दिएको छ । यस्तो देख्दा मलाई स्कुल र कलेजभित्र पसी सारा पुस्तकहरू च्यातचुत पारी मिल्काउन मन लाग्छ । समानता र सद्भावनाका कुरा भएका हामी सबै दाजुभाइ दिदी बहिनी हौं, परस्परमा एक दोस्राप्रति सहृदयता तथा सद्भावना हुनु पर्छ भन्ने आशयका राम्रा राम्रा शिक्षा भएका ती सारा पुस्तक पुस्तिकाहरूलाई दुँडिखेलको माझमा थुपारी दुई चार टङ्की मट्टीतेल वा पेट्रोल खन्याई तिनमा आगो सल्काइ दिन मन लाग्छ र तिनको सट्टा त्यस्ता नयाँ पाठ्य पुस्तकहरू तयार पार्ने भावना उम्लेर आउँछ जुन पाठ्य पुस्तकमा प्रचलित व्यवहार र धारणा अनुसारकै कुरा रहुन्, जसबाट प्रचलित जीवनमा काम नलाग्ने शिक्षा प्राप्त गर्नुमा हाम्रा विद्यार्थीहरूले समय खेर फाल्न नपरोस् अर्थात् तिनमा 'प्रत्येक स्त्री वेश्या र प्रत्येक पुरुष फुँडो होस, कसैले कसैप्रति सद्भावना राख्ने गर्नु हुन्न, चिनेका नरनारी भेटिँदा दुई शब्द बोल्नु, नमस्ते वा यस्तै अन्य सङ्केतबाट परस्परमा स्वागत गर्नु अथवा मुस्कुराएर हामीले एक दोस्रालाई बिर्सेका छैनौं भन्ने सद्भावना देखाउनु जस्ता काम व्यभिचार हुन् ; प्रत्येक स्त्रीले पुरुषलाई देख्ता र पुरुषले स्त्रीलाई देख्ता अपराधीले झै भुइँमा आँखा जोत्ने वा मुन्टो बटारेर हिँड्ने गर्नु पर्छ ; मनुष्यत्व भनेकै यही हो, यस्तै सभ्यता र संस्कृतिबाट नै नेपालको विकास हुन सक्ने छ' भन्ने खालका कुराहरू रहुन् ।

प्रश्नहरू:

क) माथिको अनुच्छेदका आधारमा लेखकलाई सारा पाठ्यपुस्तकहरू च्यातच्युत पारी मिल्काउन मन लाग्नुको कारण के देखिन्छ ?

ख) लेखकले कस्ता पाढ्यपुस्तक निर्माण गर्ने धारण राखेका छन् , किन ?

१५. तल दिइएका मध्ये कुनै दुई प्रश्नको उत्तर दिनु होस् : ५×२=१०

अ) दिइएको कवितांशपढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनु होस्:

तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको
माटो र पानी पहिलो धन धर्तीका छोराको
ए कहाँबाट हेरौँला संसार सन्झ्यालै नरहे
नेपाली हामी रहौँला कहाँ नेपालै नरहे ।

प्रश्नहरू:

क) तराईलाई 'सुनको टुक्रा' भन्नुको तात्पर्य के हो ?

ख) 'धर्तीका छोरा' भनेर कसलाई भनिएको हो ?

ग) 'माटो' र 'पानी' पहिलो धन कसरी हुन सक्छ?

घ) 'ए कहाँबाट हेरौँला संसार सन्झ्यालै नरहे' भन्नुको आशय के हो ?

ङ) नेपाल नरहे नेपाली किन रहँदैनौं ?

आ) दिइएको कथांश पढी सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनु होस् :

म बिस्तारै सडकको ठुलो ढोकाबाट निस्कें अनि भरिएका आँखाले ढोकाको डन्डीबाट भित्र हेरें, गौरी मतिर हेरिरहेकी थिई- "तिमी हाम्री दिदीआमाको घर नआऊ है शङ्कर, त्यो त बोक्सी बुढी ।" गौरी हात हल्लाई हल्लाई भन्दै थिई । दिदीआमा र गौरीका बुबा माथि बरन्डामा उभिरहेका थिए । "हेर मलाई गाली गरेकी ? यो मोरो माग्ने छिमेकमा छोरी भाँड्न आँट्यौ तिमीले । छोटाको हावा लागेपछि बडाको स्वभाव कताबाट होस् ? यो छोटाहरूको टोल नछोडेसम्म यिनले छोड्ने होइनन् । " दिदीआमा बुबासँग भन्दै थिई ।

प्रश्नहरू :

क) गौरीले शङ्करलाई किन "दिदीआमाको घर नजाऊ" भनेकी हो ?

ख) गौरीले आफ्नी फुपूदिदीलाई 'बोक्सी बुढी' भन्नु उपयुक्त हो त ?

ग) "छोटाको हावा लागेपछि बडाको स्वभाव कताबाट होस् ?" भन्नुको तात्पर्य के हो ?

घ) यस अनुच्छेदमा छिमेकीहरूबीच कस्तो विषमता रहेको देखाइएको छ ?

ङ) गौरी र शङ्करका बिच कस्तो सम्बन्ध देखा पर्छ ?

इ) दिइएको निबन्धांश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनु होस्:

विद्याको सर्टिफिकेट कोठाको बासकमा हुन्छ । भलादमीको प्रमाण पत्र सधैं उसका शरीर उपर विज्ञापन जाहेरी गर्दछ । पोसाक मात्र पहिला पास हो । त्यसमा पनि रेसमी रुमालको फुलदार फर्काइ र टोपीको कर्काइले पहिलो श्रेणीमा उत्तीर्ण भएको जनाउँछ । कपालको छाँट र जुँगाको कटाइले दोस्रो परीक्षाको परिचय दिन्छ । फेरि आँखीभौंको मसिनो डोराले, ओठ र गालाको फिक्का हलुका लालीको सुस्त चढाइले उत्तम श्रेणी जनाउँछ । सबको शिखर, एउटा सौन्दर्य वर्धक कोठी र अत्तरको हरहराउँदो खुसबुले सडकमा हिँड्नेहरूको नाक र नजरमा आक्रमण गरेको हुनुपर्दछ । यसमा पनि विशिष्टता हिँडाइको कला, लच्काइ, हाउभाउ, हास्य र बोलीमा निर्भर रहन्छ ।

प्रश्नहरु:

क) 'विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ' भन्नुको तात्पर्य के हो ?

ख) उपर्युक्त निबन्धांशमा कस्तो प्रकारको भलादमीलाई चिनाइएको छ ?

ग) निबन्धकारले कसलाई उत्तम श्रेणीको भलादमी मानेका छन् ?

घ) भलादमीको विशिष्टता के कुराबाट थाहा पाइन्छ ?

ङ) यस निबन्धांशको मूल आशय के हो ?

१६. दन्त्य कथामा त मधुकर र मधुमालतीको मिलन भयो तर वास्तविक कथामा शङ्कर र गौरीको चाहिँ किन विछोड भएको होला ? आफ्नो प्रतिक्रया लेख्नुहोस् : ५

समाप्त

GLOBAL COLLEGE OF MANAGEMENT

प्रथम त्रैमासिक परीक्षा-२०७१

कक्षा: ११ | विषय: अनिवार्य नेपाली | पूर्णाङ्क: १००

समय: ३:०० घन्टा | उत्तीर्णाङ्क: ४०

समूह : ख

१. तल दिइएका व्यञ्जन वर्णहरूको घोषत्व र प्राणत्वका आधारमा वर्गीकरण गर्नु होस्:५

घ, ट, म, र, स

२. तल दिइएका शब्दको अक्षरीकरण गरी अक्षर सङ्ख्या समेत देखाउनुहोस् : ५

औजार, व्याख्या, धनजिते, परीक्षा, विशेषण

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गरी लेख्नु होस् : ५

हाँस्ने मान्छे सुखी हुन्छ तर अनावश्यक रुपमा हाँस्दा आफूलाई बेफाइदा नि हुनसक्छ। हाँस्यव्यङ्ग्यका किताब पढ्दा त आहा क्या आनन्द आउँछ । हँसाइ स्वास्थ्यसँग जोडिएको विषय हो ।

४. शुद्ध गरी पुनर्लेखन गर्नु होस् : ५

अहीलेका विद्यार्थिहरू प्रेम का कुरामा मरिहत्ते गर्छन् । प्रेम गर्नू नराम्रो होइन तर त्यशलाई पारिबारिक र सामाजिक मर्यादाभित्र राख्न सके राम्रो हुन्थ्यो, होइन र इच्छाहरु बिवेकका वषमा पार्न सक्नुपर्छ ।

५. तलको अनुच्छेदबाट ५ ओटा तद्भव र ५ ओटा आगन्तुक शब्द टिप्नुहोस् : ५

अहिले इन्जिनियरिङ्ग तथा कम्प्युटर प्रविधि, व्यवस्थापन र मेडिकल विषयहरूको उच्च अध्ययनका निम्ति युरोप र अमेरिका जाने लहर नै चलेको छ। पढ्न गएका विद्यार्थी यता नफर्कने क्रम बढ्दो छ। यो त हाम्रो देशका लागि बहुत समस्याको कुरा हो ।

६. तलको दिएका उपसर्ग र प्रत्यय लगाई एक/एक ओटा शब्द निर्माण गर्नु होस्: ५

परा, परि, उत्, ना, अनु

इलो, अन्ते, ईय, इया, आ

७. तलको अनुच्छेदका वाक्यहरूलाई आवश्यक सुधार सहित स्त्रीलिङ्गमा परिवर्तन गर्नु होस् ५

मेरो भाइ पढ्दै छ । ऊ धेरै तेजिलो छ । ऊ गाईको दुध खान्छ । ऊ आमालाई असाध्यै माया गर्छ। ऊ सारै राम्रो छ ।

८. तलको अनुच्छेदका वाक्यहरूलाई इच्छार्थक भावमा परिवर्तन गर्नु होस् : ५

तिमी उत्तर मिलाउँछौ । म पनि राम्रै लेख्छु । ऊ चाहिँ के गर्छ ? बहिनी त पढिरहन्छिन् । ता पनि अब राम्ररी पढ् है !

९. तल दिइएको पाठ अंश पढी सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर लेख्नुहोस् : १०

नेपालका धेरैजसो भाषाहरू अहिलेसम्म पनि कथ्य (मौखिक) परम्परामा मात्र सीमित छन् । लेख्य परम्परा भएका भाषाहरूमा नेपाली, नेवारी, मैथिली, लिम्बू, भोजपुरी, अवधी आदिलाई लिन सकिन्छ । अन्य केही भाषाहरू भरखरै लेख्य परम्पराको खुट्किलामा उक्लँदै छन् । यस्ता भाषाहरूमा थारू, तामाङ, मगर, गुरुङ र राई समूहका भाषाहरूमध्ये थुलुङ, बान्तवा, चाम्लिङ, खालिङ कुलुङ आदि हुन् । लेख्य परम्परा वा लिपि भएका भाषाहरूमध्ये नेपाली भाषा साहित्यका दृष्टिले विकसित र सम्पन्न मानिन्छ । यस भाषामा शैक्षिक प्रयोगका लागि आवश्यक पूर्वाधारहरू तयार भइसकेको हुनाले उक्त दृष्टिले यसमा विशेष प्रयासको खाँचो नहुन सक्छ तर नेपाली राष्ट्रभाषाका साथै सरकारी कामकाजको समेत भाषा भएकाले त्यसको भूमिका निर्वाह गर्नका लागि आवश्यक हुने विकासको यसमा पनि जरुरत पर्छ । नेवारी र मैथिली भाषाहरू पनि लेख्य परम्परा र साहित्यका दृष्टिले विकसित भाषा मानिन्छन् । ऐच्छिक विषयका रूपमा माध्यमिक तहदेखि स्नातकोत्तर तहसम्म पठन पाठन हुने व्यवस्था भई सकेका यी भाषाहरूलाई शैक्षिक प्रयोगका दृष्टिले सामान्य पूर्वाधार रहेका भाषाका रूपमा लिन सकिन्छ । सबै भाषाको विकासको गति र स्तर समान किसिमको हुँदैन । भाषाको विकासको गतिलाई तीव्र बनाउन सम्बन्धित भाषाभाषीहरूमा शैक्षिक स्तरको विकास र भाषिक प्रतिबद्धताको ठुलो महत्व रहन्छ । भाषाभाषीहरूमा जति शिक्षित तथा साक्षरहरूको संख्या बढ्दै गयो उति सम्बन्धित भाषाको उन्नति र प्रगतिमा योगदान पुग्न सक्छ । आफ्नो भाषामा शिक्षितहरू बढे भने त्यसमा उनीहरूले सम्बन्धित साहित्यिक गतिविधिमा भाग लिई भाषाको अभिवृद्धिमा सघाउन सक्छन् भने साक्षरहरूको संख्या बढेमा सो भाषामा लेखिएका पाठ्य सामग्रीहरूका लागि पाठकहरू पनि बढ्दै जाने हुन्छन् तर नेपालमा कतिपय भाषाभाषीहरू यस्ता पनि छन् जो गरिबी र निरक्षरताको जीवन गुजारिरहेका छन् । जबसम्म तिनीहरूलाई उक्त न्युनतम जीवन स्तरबाट उकास्न सकिँदैन तबसम्म तिनीहरूमा आफ्नो भाषा संस्कृतिको जगेर्ना गर्न सक्ने क्षमता र जागरुकता कमै विकसित हुन सक्छ। यसरी शिक्षित तथा साक्षरहरूको प्रतिशत बढी भएका भाषभाषीहरूमा आफ्नो भाषा संस्कृतिको विकासप्रतिको जागरुकतामा विशेष वृद्धि हुनु र साक्षरताको प्रतिशत कम भएका भाषभाषीहरूमा चाहिँ उक्त जागरुकताको असर कम देखिनुबाट पनि यस कुराको पुष्टि हुन्छ।

प्रश्नहरू :

क) लेख्य परम्परा भएका नेपालका भाषाहरू कुन कुन हुन् ?

ख) नेपालमा नेपाली भाषाको भूमिका कस्तो छ ?

ग) भाषा विकासको गति र स्तर अभिवृद्धिलाई के के कुराले कसरी सहयोग पुऱ्याउँछन् ?

घ) अशिक्षित र निरक्षर समुदायका भाषाभाषीहरूको भाषा संरक्षण कसरी गर्न सकिन्छ ?

ङ) **'माध्यम'**, **'साक्षर'**, **'निरक्षर'** र **'भाषाभाषी'** शब्दको अर्थ लेख्नु होस् ।

१०. तलको अनुच्छेद पढी मुख्य मुख्य पाँच ओटा बुँदा टिपोट गर्नु होस् : ५

तिनताक मेरो डेरा सहर नजिकैको गाउँमा थियो । आफ्नो कामका निम्ति मैले नित्य सहर जानुपर्थ्यो । मेरा छिमेकमा एक जना आइमाई मेरै उमेरकी थिइन् । उनी पनि किनमेल र आफ्ना इष्टमित्रसँग भेटघाट गर्न दिनहुँ भने जस्तो सहर जाने गर्थिन् । म भरखर त्यस गाँउमा बस्न गएकाले त्यहाँका सबैजसो मानिस मेरा निम्ति नौला थिए । यी आइमाई भने छिमेकी भएकी हुनाले कहिले काहीँ बोलचालसम्म हुन्थ्यो । एक दिन उनी सहर जाने वेला पारेर म पनि हिँडें । सधैँ एक्लै भनेजसो हिँड्नु पर्ने हामी दुबै थरीलाई त्यस दिन कुरा गर्दै सहर जान पाउँदा बाटो काटेको भत्तै भएन, मानौँ आँखा एकचोटि झिम्म होउन्जेलमै हामी गाँउबाट सहर पुगि हाल्यौँ । सहरबाट फर्कादा प्रायः घाम डुब्ने वेला हुन्थ्यो र कहिले काहीँ त झमक्कै साँझ पनि परि हाल्थ्यो । घर आइ पुग्ने वेलामा अलिकता बाटो डरलाग्दो खालको थियो । सहर पुगेपछि केही असजिलो माने झैँ गरी भने पनि सँगै फर्कन पाए हुन्थ्यो भन्ने कुरा उनले चुहाइन् । साँझमा हामी सँगै फर्क्यौं पनि । फर्कंदा मैले अबदेखि सहर जाँदा आउँदा सकभर सँगै जाने आउने कुरा चलाएँ अनि त्यस्तै हुन थाल्यो । मैले एक जना आइमाई साथी छिटै बनाइ हालें ।

११. माथि प्रश्न नं. १० मा दिइएको अनुच्छेदलाई एक तृतीयांशमा संक्षेपीकरण गर्नु होस्:५

१२. 'बाढी पहिरोको प्रकोप' शीर्षकमा १५० शब्द सम्मको एक अनुच्छेद लेख्नु होस्: ५

१३. तल इिएका मध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्नुहोस् : १०

क) नेपालको पानी सम्पतिको खानी

ख) मेरो बाल्यकाल

ग) हाम्रो धर्ती हाम्रो भविष्य

१४. तल दिइएको **भलाद्मी** निबन्धको अंश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनु होस् : ५×२=१०

आकर्षण शक्तिको सिद्धान्त भलादमी उपर घट्तछ । भलादमीको नजिकमा एउटा नदेखिने चुम्बकले तान्दछ । जबसम्म तिमी भलादमीहरुको छायामा रहन्छौ तबसम्म तिमी आफूलाई मानिस भन्न दोधारमा रहन्छौ । तिम्रो आदर या प्रशंसा उनीतर्फ खिचिएको हुन्छ । उनका गफलाई तिमी सफेद सत्य भनी ठान्दछौ । फेरि उनीहरूको मोहनीबाट पचास गज दूर नभईकन तिमीलाई साँचो कुरा झल्किँदैन । अझ यस्तो शक्तिले स्त्री जातिका उपर ज्यादा काम गर्दछ । आकर्षण शक्तिको नियम अनुसार भिन्न वस्तुहरु परस्पर खिचिन्छन् ।

प्रशंसा प्रेमको जउँदो आकार भलादमी हो । हामी अरूलाई आफ्ना पुजारी बनाउन चाहन्छौँ । यो भाव भलादमीमा सबभन्दा चर्को तबरले देखिन्छ । दुनियाँको नजर नभए भलादमीपनको दरकार थिएन । पूजा गर्दा हामी देवतालाई सिँगार्दछौँ, भलादमी आफैलाई सिँगार्दछ, आफै आसन जमाउँछ, लोकप्रियता र प्रभुत्वको कला भलादमीले स्वभावैले लिएर आएको हुन्छ । मानिसको देखावटी चातुर्य भलादमीको प्रतिभा हो भलादमीपन चरित्रको एउटा विचित्र प्रदर्शनी हो ।

प्रश्नहरू:

क) आकर्षण शक्तिको सिद्धान्त भलाद्मीमा घट्दछ भन्नुको तात्पर्य खुलाउनुहोस् ।

ख) किन भलाद्मीयन चरित्रको एउटा विचित्र प्रदर्शनी हो भनिएको होला ? प्रतिकृया लेख्नु होस् ।

१५. कुनै दुई प्रश्नको उत्तर दिनु होस् २×५=१०

अ) दिइएको कवितांश पढी सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस् :

उसलाई थाहा छ–
लुगा फाट्छ, छाला फाट्दैन
ऊ नाङ्गो आङले भारी बोक्छ
ऊ नाङ्गो आङले धर्ती जोत्छ
हो, गाँउका सभा समारोहमा जाँदा
हर्क बहादुर–
टिठलाग्दा आँखाले
घरी झन्डा र घरी आफ्नो आङ हेर्छ
घरी आफ्नो आङ र घरी झन्डा हेर्छ
सायद हर्क बहादुर
छातीभित्र अट्टहास पनि हाँस्छ

प्रश्नहरू :

क) "लुगा फाट्छ छाला फट्दैन" भन्नुको तात्पर्य के हो ?

ख) हर्क बहादुरले घरी झन्डा र घरी हाङ हेर्नुको कारण के हो ?

ग) हर्कबहादुर किन अट्टहास हाँस्छ ?

घ) यस कवितांशमा श्रमिक जीवनको कस्तो चित्र प्रस्तुत छ ?

इ) यस कवितांशको मूल भाव के हो ?

आ) तल दिइएको कथांश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनु होस् :

यस्तै हो, मैले पनि सहेर बसि दिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिले काहीँ गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छोड्नु हुन्छ ? आफूले साचो मनले उपकार गरेपछि उसको आत्माले पनि गर्न कर लाउँछ । अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटाको भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ ।

प्रश्नहरू :

क) यो भनाइ कसको हो ?

ख) झगडाको कारण के देखिन्छ ?

ग) झगडा भो भन्दैमा किन धर्म छाड्नु हुन्न ?

घ) 'संसार भरैभरमा अडेको छ' भन्नुको तात्पर्य के हो ?

इ) यस कथांशको मुख्य सार लेख्नुहोस् ।

इ) तल दिइएको निबन्धांश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनु होस्:

नारीलाई नरकको मूल ढोका नठान्ने र जीवनका सबैजसो क्षेत्रमा स्त्री पुरुषको बराबर हक हुनु पर्छ भन्ने एवम् पछौटे देशका आइमाईलाई घर नाउँको झ्यालखानाभित्र डुबि रहन नदिई सामाजिक क्षेत्रमा हौस्याउनेहरू साहित्य तथा राजनीति आदितर्फ लागेका आधुनिक युवाहरू नै हुन् ।

प्रश्नहरू :

क) 'नारीलाई नरकको मूल ढोका नठान्ने' भन्नुको तात्पर्य के हो ?

ख) आधुनिक युवाहरू स्त्री पुरुषका विषयमा कस्तो दृष्टिकोण रहेको छ ?

ग) माथिको सन्दर्भबाट नेपाली समाजको कस्तो तस्बिर प्रस्तुत भएको छ ?

घ) लेखकको नारी सम्बन्धी मान्यता कस्तो रहेको छ ?

ङ) यो निबन्धांश कुन सन्दर्भमा आएको हो ?

१६. किन छिमेकीलाई जिउँदाका जन्ती मर्दाका मलामी भनिएको होला ? आफ्नो प्रतिकृया लेख्नु होस् : ५

समाप्त